# **DPS** नवआगन्तुक केन्द्रहरु

उदेश्य:

नवआगन्तुक केन्द्रहरु विशेष DPS विद्यालयहरुमा हुने कार्यक्रमहरु हुन् जसले विद्यार्थीहरु जो संयुक्त राज्यमा नयाँ छन्, अंग्रेजीमा कुशल छैनन्, आफ्नो ग्रिह देशमा अवारोधिक औपचारिक शिक्षा पाएका छन् र अमेरिकी विद्यालय एक वर्षभन्दा कम सहभागी भएका छन् तिनीहरुको लागि हो। नवआगन्तुक केन्द्रहरुमा, विद्यार्थीहरुले कौशलहरु सिक्छन् जसले उनीहरुलाई अमेरिकरी विद्यालयहरुमा सफल हुन मद्दत गर्नेछ, साथसाथै आधारभूत अंग्रेजी पढाइ, लेखाइ र गणित कौशलहरुमा सफल हुनपनि सहयोग गर्नेछ। प्राय नवआगन्तुक विद्यार्थीहरु नवआगन्तुक केन्द्र कार्यक्रममा एक वा दुई सेमेस्टरहरुको लागि रहन्छन्, जबसम्म उनीहरुको आफ्नो रोजाईको विद्यालयमा कक्षाहरुमा सहभागी हुन तयार हुन्छन्।

नवआगन्तुक केन्द्रहरुको स्थानहरु:

| प्राथमिक विद्यालयहरु | निम्न माध्यमिक विद्यालयहरु | माध्यमिक विद्यालयहरु |
|---|---|---|
| **Isabella Bird Community School**<br>2701 Lima St. Denver, CO 80238<br>(720) 423-9990<br>विद्यालय वेभसाइट<br><br>**Place Bridge Academy (K-5)**<br>7125 Cherry Creek N. Dr. Denver, CO 80224<br>(720) 424-0960<br>विद्यालय वेभसाइट | **Merrill Middle School**<br>1551 S. Monroe St. Denver, CO 80210<br>(720) 424-0600<br>विद्यालय वेभसाइट | **Abraham Lincoln High School**<br>2285 S. Federal Blvd. Denver, CO 80219<br>(720) 423-5000<br>विद्यालय वेभसाइट<br><br>**DCIS Montbello (6-12)**<br>5000 Crown Blvd., Denver, CO 80239<br>(720) 423-5900<br>विद्यालय वेभसाइट<br><br>**South High School**<br>1700 E. Louisiana Ave. Denver, CO 80210<br>(720) 423-6000<br>विद्यालय वेभसाइट |

तपाईको विद्यार्थी एउटा नवआगन्तुक हो भनेर पहिचान गर्न:

तपाईको होम स्कूलको कार्यालय कर्मचारी तपाई र तपाईको परिवारसँग काम गर्न तालिमप्राप्त छन् तपाईको विद्यार्थीको लागि सबभन्दा राम्रो प्लेसमेन्ट पहिचान गर्न। तपाइलाई उपयुक्त नवआगन्तुक केन्द्रमा उल्लेख गर्न सकिन्छ थप मुल्यांकनको लागि यदि तपाईको विद्यार्थीले निम्न सबै मापदण्डहरु पुरा गर्छ:

- ❑ विद्यार्थीसँग अवारोधित वा सिमित औपचारिक शिक्षाको इतिहास छ।
- ❑ W-APT Placement प्राप्तांकले विद्यार्थी अंग्रेजी प्रविणता छैन भन्ने इंकित गर्छ। यदि कुनै W-APT प्राप्तांक उपलब्ध छैन भने, विद्यार्थीले न्युनतम साक्षरता उसको देशी भाषा र अंग्रेजीमा देखाउछ।
- ❑ विद्यार्थी प्रारम्भिक प्लेसमेन्टको समयमा संयुक्त राज्यको एउटा विद्यालयमा दुई वा सो भन्दा कम सेमेस्टरहरुको लागि भर्ना भएको छ।

DPS एउटा छनोट जिल्ला हो जसको अर्थ तपाईसँग तपाईको विद्यार्थीहरु तपाईको गृह विद्यालय, ELA अंचल विद्यालय, एउटा नयाँ आगन्तुक केन्द्रमा राख्ने छनोट छ, अथवा तपाईको बच्चालाई कुनै DPS विद्यालयमा भर्ना गर्नको लागि विद्यालय छनोट प्रक्रियामा सहभागी हुन रोजाई छ। तपाईको घरबाट सबभन्दा नजिकको DPS विद्यालय र ELA अंचल विद्यालयहरुले भाषाको क्षमताको कारण विद्यार्थी स्वीकार नगर्लान्।

यातायात:

प्राथमिक विद्यार्थीहरु: यातायात एउटा नवआगन्तुक केन्द्रलाई प्रदान गरिएको छ यदि विद्यार्थी नवआगन्तुक केन्द्रबाट एक माइलभन्दा टाढा बस्छन्।

निम्न माध्यमिक विद्यालय विद्यार्थीहरु: यातायात एउटा नवआगन्तुक केन्द्रलाई प्रदान गरिएको छ यदि विद्यार्थीहरु नवआगन्तुक केन्द्रबाट 2.5 माइलभन्दा टाढा बस्छन्।
माध्यमिक विद्यालय विद्यार्थीहरु: एउटा सार्वजनिक बस पारपत्र विद्यार्थीहरुलाई RTD द्वारा प्रदान गरिएको छ जो विद्यार्थीहरु नवआगन्तुक केन्द्रबाट 3.5 माइल टाढा बस्छन्।

के एउटा नवआगन्तुक केन्द्र मेरो विद्यार्थीको लागि ठिक छ?
नवआगन्तुक केन्द्रहरु विद्यार्थीहरुको लागि एउटा राम्रो ठाउँ हुनसक्छ उनीहरुको नयाँ देश, नयाँ भाषा र नयाँ विद्यालयबारे सिक्नको लागि; तर आफ्नो बच्चालाई कुन विद्यालयमा पठाउने भन्ने बारे परिवारहरुले थुप्रै अन्य कुराहरु ध्यानमा राख्नुपर्छ।

अविभावक र विद्यार्थी छनोट: तपाई DPSमा भर्ना प्रक्रियाबारे नयाँ हुनसक्नुहुन्छ। छनोट जिल्ला भएर, DPSका सबै विद्यार्थीहरु र उनीहरुको अविभावकहरुसँग कुनै विद्यालय उपस्थित हुने अधिकार छ, जसको मतलव DPSको प्रत्येक विद्यालय सबै विद्यार्थीहरुलाई सेवा गर्न तयार छ, उनीहरुको शैक्षिक पृष्ठभुमि, भाषा तहहरु अथवा देशी भाषा ध्यान नदिएर ।

भाइ बहिनी र परिवार: यो सम्भव छ कि तपाई आफ्नो भाइ बहिनी, आफन्त भाइ बहिनी, टाढाको नातेदार, छिमेकी, वा अन्य चिनजानका मान्छेहरुलाई उही विद्यालयमा राख्न चाहनुहुन्छ, र त्यो ठिक छ। तपाईको विद्यार्थी एउटा नवआगन्तुक केन्द्रको लागि योग्य छ भन्दैमा, त्यसले उनी त्यो विद्यालय उपस्थित हुनैपर्छ भन्ने होइन। प्लेसमेन्टको लागि विद्यालयहरुले तपाईको प्राथमिकताहरु सम्मान गर्नुपर्छ।

यातायात:
प्राथमिक विद्यार्थीहरु: यदि विद्यार्थीहरु गाडी प्रतीक्षालय नजिक बस्दैनन् भने, उनीहरुले थोरै नजिकको ठाउँसम्म हिड्नुपर्ला। थपमा, नवआगन्तुक केन्द्रमा बसद्वारा जाने आउने गर्दा त्यसले के बुझाउछ भने तपाईको विद्यार्थी बिहान एक घण्टा र दिउँसो एक घण्टा विद्यालय बसमा हुन्छ, यो कुरा ध्यान दिनुपर्छ जब तपाई नवआगन्तुक केन्द्र प्लेसमेन्टमा निर्णय लिदैहुनुहुन्छ।
माध्यमिक विद्यालय विद्यार्थीहरु: ठुला विद्यार्थीहरुले एउटा सार्वजनिक बस पारपत्र पाउने भएकोले, यसले के जनाउछ भने विद्यार्थीहरु बिहानै दिनको प्रकाश भन्दा पहिलेनै र सुर्यास्त पछिको रातिको समयमा बस प्रतिक्षालयसम्म हिड्छन्, र त्यसमा विद्यार्थी भएर थुप्रै स्थान्तरणहरु हुनसक्छ शहर वारपार।

अरु के छ?
यदि तपाईको विद्यार्थी एउटा नवआगन्तुक केन्द्र उपस्थित हुनको लागि योग्य भनेर पहिचान भएको छ भने, तपाइले नवआगन्तुक केन्द्र दर्ता फारम भरेर र त्यो विद्यालयमा फिर्ता गरेर उसलाई/उनलाई भर्ना गर्न रोज्न सक्नुहुन्छ। थप सूचना सहित तपाईले अगाडी के गर्नुपर्छ बारे तपाईलाई नवआगन्तुक केन्द्रबाट सम्पर्क गरिनेछ ।

यदि तपाई तपाइको विद्यार्थी उनीहरुको छिमेकी विद्यालय वा नजिकैको ELA अंचल विद्यालयमा भर्ना गर्न रोज्नुहुन्छ भने, कार्यालयको कर्मचारीले विद्यालय उपस्थित हुनको लागि दर्ता पुरा गर्न आवश्यक कागजातहरु प्रदान गर्नेछ।